# शिवपुरी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

### अन्तिम प्रतिवेदन

## गाउँ कार्यपालिकाको कार्यालय

शेराबगर, नुवाकोट, ३ नं. प्रदेश

२०७६

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *शिवपुरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **तयार गर्ने :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौ* |
| **सहयोग :** | *पूर्णिमा : भूकम्प पश्चात्को पुर्नर्लाभमा वेलायती सहयोग नियोगको सहयोग* |
| **मिति :** | *बैशाख, २०७६* |

**कृतज्ञता ज्ञापन**

*शिवपुरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री रामकृष्ण थापा, उपाध्यक्ष श्री मञ्जु के.सी., प्रमुख प्रशासकीय अधिकृत श्री किसान न्यौपाने, कार्यपालिकाका सदस्यहरु तथा कर्मचारीहरु प्रति परामर्शदाताको तर्फ बाट हार्दिक आभार व्यक्त गर्दछौ । त्यसै गरी यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

**– *एस.डि.आई.सि. परिवार***

# विषय सूची

**परिच्छेद – एक : परिचय .......................................................... १**
१.१ प्रतिवेदनको बारेमा .......................................................... १
१.२ राजस्व सुधार योजनाको परिचय .......................................................... १
१.३ कार्यक्रमको उद्देश्य .......................................................... २
१.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया .......................................................... २
*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन .......................................................... २*
*१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास .......................................................... २*
*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम .......................................................... २*
*१.४.४ तथ्यांक/सूचना संकलन.......................................................... ५*
*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी .......................................................... ५*
*१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश .......................................................... ५*
*१.४.७ अन्तिम कार्यशाला गोष्ठीको आयोजना.......................................................... ५*
*१.४.८ प्रतिवेदनको अन्तिम रुप.......................................................... ६*
१.५. अध्ययनको सीमा.......................................................... ६

**परिच्छेद –दुई : गाउँपालिकाको संक्षिप्त परिचय .......................................................... ७**
२.१ गाउँपालिकाको संक्षिप्त परिचय.......................................................... ७
२.२ गाउँपालिकाको मानवीय संसाधन.......................................................... ८
२.३ गाउँपालिकाको भौतिक सम्पत्ति.......................................................... १०

**परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता.......................................................... ११**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था.......................................................... ११
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था.......................................................... १५
३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण.......................................................... १६
*३.३.१ कर राजस्व .......................................................... १६*
*३.३.२ गैरकर राजस्व.......................................................... १८*

**परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था .......................................................... २३**
४.१ राजस्व परिचालन सम्बन्धी नीति.......................................................... २३
४.२ विगतको आय परिचालनको अवस्था.......................................................... २४
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता .......................................................... २५
४.४ राजस्व परिचालनमा रहेका सवालहरू .......................................................... २६

**परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना .......................................................... ३२३**
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना .......................................................... २८

**परिच्छेद – छ : आगामी ३ वर्षको आय प्रक्षेपण .......................................................... ३२**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण .......................................................... ३२
६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण .......................................................... ३३

**परिच्छेद – सात : निष्कर्ष तथा सुझाव.......................................................... ३८**

७.१ निष्कर्ष तथा सुझाव ........................................................ ३८
७.२ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन ........................................ ३८

**अनुसूचीहरू........................................................................ ४०**
अनुसूची १ : सन्दर्भ सामग्रीहरू ........................................................ ४१
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ...................... ४२
अनुसूची ३ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण...........................५१
अनुसूची ४ : प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........................ ५४

## तालिका सूची

तालिका १: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ....................................१५
तालिका २: राजस्व परामर्श समिति ........................................................................... २३
तालिका ३: गाउपालिकाको यथार्थ तथा अनुमानित राजस्वको अवस्था ........................................ २४
तालिका ४: चालू आवको माघ १५ गते सम्म संकलित आन्तरिक आयको विवरण ..................२५
तालिका ५: राजस्व सुधार कार्ययोजना ......................................................................... २८
तालिका ६: आगामी आ.व.हरुका लागि राजश्व प्रक्षेपणका आधारहरु (रु हजारमा) ............................ ३२
तालिका ७: आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ...................................................३४
तालिका ८: प्रक्षेपित आय संरचना ............................................................................३८

# परिच्छेद – एक : परिचय

## १.१ प्रतिवेदनको बारेमा

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन प्रदेश नम्बर ३ अन्तर्गत नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकाले पूर्णिमा : भूकम्प पश्चात्को पुर्नर्लाभमा वेलायती सहयोग नियोगको सहयोग कार्यक्रमको आर्थिक सहयोग तथा एस.डी.आई.सी.को प्राविधिक सहयोगमा तयार गरेको हो । यो प्रतिवेदनमा शिवपुरी गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ तथा प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ । यस प्रतिवेदनमा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजश्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागि शिवपुरी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

## १.३ कार्यक्रमको उद्देश्य

शिवपुरी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

कार्यक्रम सञ्चालन सहभागितामूलक विधिबाट सम्पन्न गरिएको थियो भने प्रतिवेदनका लागि आवश्यक सूचना सो छलफल तथा तथा गाउँपालिकामा रहेका सन्दर्भ सामग्रीहरु अध्ययनमार्फत् संकलन गरिएको थियो । उल्लिखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम*

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि एसडिआइसीबाट खटिएको परामर्शदाताको टोली २०७५ माघ २० गते गाउँ कार्यपालिकाको कार्यालयमा पुगी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु संग प्रारम्भिक भेटघाट गरेको

थियो, सो छलफलमा अर्को दिनको कार्यक्रमको ढाँचा र हासिल गर्न खोजिएको उपलब्धीहरूका छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा पालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समिति, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७५ माघ २१ गते दुई खण्डमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री रामकृष्ण थापाले गर्नु भएको थियो ।

उद्घाटन सत्रमा प्रमुख प्रशासकिय अधिकृत श्री किसान न्यौपानेले सहभागिहरूलाई स्वागत गर्दै कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । मोटम्याकडोनाल्नडका तर्फबाट श्री सन्तोष विष्टले गाउँपालिकाको आन्तरिक आयको महत्व र राजस्व परिचालनको प्रभावकारीता उपर विश्लेषण गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष श्री रामकृष्ण थापाले यस कार्यक्रमका कारण आगामी दिनमा गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारी उपायहरूको पहिचान हुने र हालसम्म आएका समस्या तथा अस्पष्टतामा स्पष्टता प्राप्त हुने विश्वास व्यक्त गर्नु भएको थियो । अन्त्यमा वहाँले कार्यक्रममा सकृयतापूर्वक भाग लिन सहभागीहरूलाई अनुरोध गर्दै कार्यक्रमले गाउँपालिकाको समग्र राजस्व सुधारमा योगदान दिने विश्वास व्यक्त गर्नुभएको थियो ।



कार्यक्रमको उद्घाटनपश्चात् पहिलो खण्डको कार्यक्रममा परामर्शदाताहरूले सहजीकरण गर्नु भएको थियो । गाउँपालिकाले हाल संकलन कुन कुन कर तथा गैर करका शिर्षकहरू अन्तर्गत आन्तरिक आय संकलन गरिरहेको छ भनी छलफल गर्दै टिपोट गरिएको थियो । तत्पश्चात् स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरूको प्रस्तुती र त्यसमाथि छलफल भएको थियो । गाउँपालिकाका आन्तरिक आयका मुख्य स्रोतहरू, तिनको सम्भाब्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरूमा समेत छलफल भएको थियो । अन्त्यमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरूको आवश्यकता र संकलन प्रकृयाका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो ।

कार्यक्रमको दोस्रो खण्ड राजश्व सुधार कार्ययोजनाको तथ्यांक तथा अन्य प्राविधिक पक्षहरूलाई समेटी संचालन गरिएको थियो । कार्यक्रममा सहभागिहरूलाई निम्न चार समूहमा विभाजन गरी राजस्व सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो :

समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समूह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूहलाई निष्कर्षमा पुग्न सहजकर्ताहरूबाट आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताले समूह कार्यको निश्कर्ष प्रस्तुत गर्न लगाई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि कार्ड, चार्टलाई उपयोगमा ल्याइएको थियो ।





आ-आफ्नो समुहको तर्फ बाट समुह कार्य प्रस्तुत गर्दै प्रस्तुतकर्ताहरु





समूह कार्यको प्रस्तुती तथा छलफल पश्चात् गाउँपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा तथा आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका लागि आवश्यक तथ्यांक तथा सूचना संकलनका लागि आर्थिक प्रशासन शाखा प्रमुख श्री रविन पोखरेल लाई सम्पर्क व्यक्ति तोकिएको थियो ।

अन्त्यमा गाउँपालिकाका अध्यक्ष श्री रामकृष्ण थापाले कार्यक्रम अन्त्यन्त लाभदायी भएको जानकारी गराउँदै निम्न कुराहरू राख्नु भएको थियो :




- *कार्यक्रम निकै उपलब्धीपुर्ण रहेको र गाउँपालिकाको राजश्व सम्बन्धी विविध पक्षहरको बारामो जानाकारी तथा ज्ञान हासिल भएको ।*
- *यस कार्यक्रम संचालनका लागि आर्थिक, प्राविधिक तथा परामर्श सहयोग पुऱ्याउनुहनु पुर्णिमा कार्यक्रम अन्तर्गतका निकाय तथा एस.डि.आई.सी. लाई धन्यवाद ।*
- *जनतालाई संकलित आयको उच्चतम उपयोग हने कुरमा विश्वास दिलाई कर तिर्न उत्प्रेरित गर्ने*
- *राजस्व सुधार कार्ययोजनाको कार्यान्वियनले गाउँपालिकाको आय परिचालनमा सहयोग गर्ने ।*

यस कार्यक्रममा सहयोग पुऱ्याउनुहुने सम्पुर्णलाई धन्यवाद दिँदै कार्यक्रम समापन गर्नु भएको थियो । प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण यस कार्ययोजनाको **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

### *१.४.४ तथ्यांक/सूचना संकलन*

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न स्रोतहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू गाउँपालिका तथा मट म्याकडोनाल्ड समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको छ ।

### *१.४.७अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

गाउँपालिकाको आयोजनामा २०७५ साल चैत्र २७ गते **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुती तथा सुझाव संकलनका लागि एक दिने कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाका अध्यक्ष श्री रामकृष्ण थापाको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत लगायत पदाधिकारीहरू तथा कर्मचारीहरू सहित जम्मा जम्मा ३१ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रमको संचालन पुर्णिमा कार्यक्रम अन्तर्गत्‌का योजना सल्लाहकार श्री रामकुमार खड्काले गर्नु भएको थियो । कार्यक्रममा प्राविधिक टोलीको तर्फबाट श्री प्रेम दवाडी र सुरेन्द्र वाग्लेले शिर्षकगत रुपमा मस्यौदा प्रतिवेदनका मुख्य मुख्य विषयवस्तुहरू प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतीका विषयवस्तुहरू उपर विस्तृत रुपमा छलफल भएको थियो र सहभागीहरूबाट प्राप्त सुझावहरू संकलन गरिएको थियो । कार्यक्रमको अन्त्यमा गाउँपालिका उपाध्यक्ष तथा अध्यक्षले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । अध्यक्ष श्री रामकृष्ण थापाले गाउँपालिकाको राजस्व सुधार कार्ययोजना कार्यक्रम निकै प्रभावकारी भएको र यसले शिवपुरी गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धि गर्न मद्दत गर्ने बताउनु भएको थियो । गाउँपालिकाले अगामी दिनमा यस सुधार कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरु कार्यान्वन गर्दै जाने कुरा प्रष्ट पार्दै कार्यक्रम समापन गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरूको नामावली **अनुसूची ४** मा दिइएको छ ।



### *१.४.८ प्रतिवेदनको अन्तिम रुप*

कार्यक्रमका मुख्य सरोकारवाला पक्षहरूद्वारा मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाह प्राप्त भएको थियो । त्यसैगरी मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहहरू प्राप्त भएको थियो । यसरी प्राप्त सार्न्दभिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको हो ।

## १.५. अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालनसम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत् स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

- करका छुट्टाछुट्टै शीर्षक अनुसार के कति राजस्व प्राप्त भयो भन्ने तथ्यांक उपलब्ध नभएको हुँदा सोहीअनुसार विश्लेषण गरिएको छ ।

# परिच्छेद –दुई : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्वन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

शिवपुरी गाउँपालिका प्रदेश नम्बर ३ अन्तर्गत नुवाकोट जिल्लाको दक्षिण पुर्व भागमा अवस्थित छ । जिल्लाको साविकका ८ वटा गाविसहरु (छाप, लिखु, महाकाली, तलाखु, सिक्रे, समुन्द्रादेवी, सुनखानी र थानपति) समावेश गरी नेपाल सरकारको २०७३ साल फागुन २७ गतेको निर्णयानुसार शिवपुरी गाउँपालिकाको स्थापना भएको हो । जम्मा ८ वटा वडाहरूमा विभाजित यस गाउँपालिकाको केन्द्र वडा नं. ५ मा पर्ने शेरावगरमा रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १२२.७६ वर्ग किमी रहेको छ जसमा जम्मा ४,७९२ घरधुरीहरु रहेका छन् भने जम्मा २०,७६९ जनसङ्ख्या रहेको छ (जनगणना २०६८) । यस गाउँपालिकाको पूर्वमाः सिन्धुपाल्चोक जिल्ला, पश्चिममा पञ्चकन्या, लिखु र ककनी गा.पा., उत्तरमा पञ्चकन्या र दुप्चेश्वर गा.पा. र दक्षिणमा शिवपुरी राष्ट्रिय निकुञ्ज रहेको छ ।

नुवाकोट जिल्लाको मुख्य शहर विदुर नगरपालिका देखि शिवपुरी गाउँपालिकाको कार्यालय रहेको स्थान ३० किमीको दुरीमा पर्दछ भने काठमाण्डौ बाट ४० किमि रहेको छ । शिवपुरीबाट विदुरसम्म पुग्नको लागि प्रयोग गरिने मुख्य सडक मध्यपहाडी लोकमार्ग हो । यस गाउँपालिका भित्रको मुख्य बजार क्षेत्रहरु छहरे, सत्तरी, चिसोपानी, गुर्जे र थानापती हुन् । यस गाउँपालिकामा रहेका मुख्य सडकहरु ठाडोखोला-हिलेकार्तिके, काउले-खान्डाँडा र जिंगटे-डुपिटार हुन् । यस गाउँपालिकाको केन्द्रबाट वडा केन्द्रहरुमा पुग्नको लागि कच्ची बाटोहरुको व्यवस्था भएपनि सबै बाटोहरु मौसमी प्रकृतिका नै छन् ।

यस गाउँपालिकामा कृषि योग्य जमिन प्रशस्त मात्रामा रहेको छ । गाउँपालिकाको कुल भू–भागको ६६.५८ प्रतिशत कृषियोग्य जमिन र १७.४३ प्रतिशत वनजगंल रहेको छ । त्यसपछिको भाग पानी तथा चट्टानको भाग रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको मुख्य कृषियोग्य फाँट सत्तरीफाँट हो र मुख्य उत्पादन धान र आलु हो । नुवाकोटको सबैभन्दा अग्लो झरना छहरे खोलाको झरना यसै गाउँपालिकामा पर्दछ भने प्रसिद्ध थानापती मन्दिर पनि यस गाउँपालिकाको अर्को महत्वपूर्ण गन्तव्य स्थल हो ।

यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि भएकोले यहाँका मानिसहरुको जीविकोपार्जनको मूख्य आधार पनि कृषि नै हो । कृषिको अतिरिक्त आम्दानीको प्रमुख स्रोतको रुपमा वैदेशिक रोजगारी र ज्याला मजदुरी रहेको छ । यहाँका ४० प्रतिशत युवाहरु वैदेशिक रोजगारीमा छन् भने २० प्रतिशत युवाहरु अन्य प्रकारका ज्यामी काम गर्ने गर्दछन् । हालसम्म यस गाउँपालिकामा कुनै पनि बैंक सञ्चालनमा नभए पनि निकट भविष्यमा 'क' श्रेणीको बैंक सञ्चालनमा आउने प्रक्रियामा छ । टोल तथा समुहहरुको प्रयासमा विभिन्न सहकारी संस्थाहरु स्थापना भएका छन् ।

## २.२ गाउँपालिकाको मानवीय संसाधन

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य संचालन हुदै आएको छ । यस गाउँपालिकाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित दरबन्दी तेरीज देहाय बमोजिमको रहेको छ ।

अनुसूची

शिवपुरी गाउँपालिका, नुवाकोट

गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| कार्यालय तर्फ जम्मा | | | | | | १९ | ० | १८ | |
| वडा कार्यालय (८ वटा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | | ५ | |
| | | | | | | | | ० | |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | १६ | ० | १६ | |
| कुल जम्मा | | | | | | ३५ | ० | ३४ | |

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरवन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

हाल (२०७५ फागुन मासन्त सम्म) गाउँपालिकाले अबलम्बन गरिरहेको सांगठनिक संरचना र त्यस अनुरुप कार्यरत कर्मचारीको विवरण देहायअनुशार रहेको छ :




गाउँपालिकामा राजश्व सम्बन्धी कार्यका लागि छुट्टै राजस्व तथा आर्थिम प्रशासन शाखाको व्यवस्था गरिएको छ । राजस्व सम्बन्धी कार्य गर्नका लागि प्रशासन तथा जिन्सी शाखाको समेत जिम्मेवारी सहित एक जना ना.सु स्तरको कर्मचारी परिचालन गरिएको छ ।

### २.३ गाउँपालिकाको भौतिक सम्पत्ति

यस गाउँपालिकाको कार्यालय वडा नं ५ को सेरावगरमा रहेको छ । हाल गाउँपालिकाको मुख्य कार्यालय निजि १० कोठे पक्की भवनलाई भाडामा लिएर सञ्चालन गरिएको छ भने विषयगत कार्यालयहरुका लागि समेत घरहरु भाडामा लिएर सञ्चालन गरिएको छ । हालको कार्यालय भवनहरु भाडामा रहेका र अपर्याप्त कार्य कक्ष तथा स्थानको कमी भएकाले शेरावगरमै गाउँपालिकाको आफ्नै भवन निर्माणाधिन रहेको छ ।

आठ वटा वडाहरु मध्ये वडा नं. ४ र ८ ले भर्खरै निर्माण सम्पन्न भएको आफ्नो भवन बाट सेवा प्रदान गरिरहेका छन् । त्यसैगरि अन्य ६ वटा कार्यालयहरुले पनि सरकारी भवनहरुबाटै सेवा प्रदान गरिरहेको भएतापनि उक्त भवनहरु पुराना हुनुका साथै वडा कार्यालय संचालनका लागि कार्यकक्ष अपुग रहेको छ । गाउँपालिका कार्यालयमा कम्प्युटर, प्रिन्टर, तथा इन्टरनेट,  ईमेलको सुविधा रहेको छ । सवारी साधनको हकमा वडा कार्यालयहरुमा समेत गरि जम्मा १८ वटा मोटरसाईकल तथा एउटा जीप रहेको छ ।

यसका अलावा गाउँपालिका क्षेत्रमा प्रसस्त सार्वजनिक जग्गाहरू रहेका छन् । गाउँपालिकाले आफ्नो स्वामित्वमा तथा हकभोगमा रहेको जग्गा तथा भवनहरूको अभिलेख तयार गरी अद्यावधिक गर्न जरुरी देखिन्छ ।

# परिच्छेद – तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाब्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा । (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित ब्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**विक्री गर्न सक्ने** ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंग, गिट्टी, बालुवा एबम् माटोजन्य बस्तुको विक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने ।
- यस्तो विक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने** ***(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसारवित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने
(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व वाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
    - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*

  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना कार्यान्वियन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वियन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वियन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउछ ।

**तालिका १: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|
| **क. कर तर्फ** | | | |
| भूमि कर (मालपोत) | छ | भएको | भएको |
| सम्पत्ति कर | छ | नभएको | भएको |
| सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| घर जग्गा बहाल कर | छ | नभएको | भएको |
| व्यवसाय कर | छ | नभएको | भएको |
| जडिबुटी, कवाडी र जीवजन्तु कर | छ | नभएको | भएको |
| **ख. गैरकर** | | | |
| स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको (दहत्तर बहत्तर शुल्कको रुपमा) | भएको (दहत्तर बहत्तर शुल्कको रुपमा) |
| काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| वन पैदावर (सामुदायिक वनको) बिक्री | छ | नभएको | नभएको |
| नक्सापास दस्तुर | छ | भएको | भएको |
| व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| अस्पताल संचालन | छैन | | |
| फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| स्थानीय खानेपानी महसुल | छ | | |
| स्थानीय विद्युत महसुल | छैन | | |
| केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन (तत्कालमा) | | |
| निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा | छ (सार्वजकिन शौचालय) | नभएको | नभएको |
| मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| दर्ता, अनुमति तथा नवीकरण दस्तुर | छ | भएको | भएको |
| सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | | |
| सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ६ वटा शिर्षकहरूमा आय संकलन गर्ने सम्भावना देखिन्छ । जसमध्ये गाउँपालिकाले हालसम्म ६ वटै शिर्षकहरूको करका दरहरू निर्धारण गरि मालपोत मात्र संकलन गरिरहेको छ । त्यसैगरि गैर कर तर्फ समग्रमा जम्मा १६ वटा शिर्षकहरू मध्ये ११ वटा शिर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ । हालसम्म गाउँपालिकाले जम्मा ९ वटा शिर्षकहरूमा दर निर्धारण गरि आय संकलन गरिरहेको छ ।

गाउँपालिकालाई प्राकृतिक तथा खानी जन्य वस्तुको विक्री गर्ने अधिकार प्राप्त भएतापनि यसको हाल सम्म दर निर्धारण तथा संकलन भएको छैन । गाउँपालिकाले दहत्तर वहत्तर शुल्क अन्तर्गत् खानी जन्य वस्तुको शुल्क संकलन निर्धारण गरि संकलन गरिरहेको छ ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्था**

संवैधानिक अधिकार तथा संघीय कानून अनुशार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सक्दछ । घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गामा मालपोत लगाउने कानुनी प्रावधान भएको भएता पनि यस गाउँपालिकाले हाल सम्म यो कर लागु गरेको छैन । गाउँपालिकाले सम्पत्तिको मुल्यांकनका आधारमा सम्पत्ति करको दर (न्युनतम रु. ३५ देखि अधिकतम रु. ६७५००) निर्धारण गरि आर्थिक ऐनमा समावेश गरेको छ ।

**संभाव्यता**

यस गाउँपालिका सडक सञ्जाल जोडिएको, सडक यातायात पूर्वाधारको विस्तार एवं भूकम्प पश्चातको पूनःनिर्माणसँगै घर र संरचना निर्माणमा बृद्धि भईरहेको छ । यसका साथै सडक आसपासका जग्गाहरुको किनबेच तथा मुल्य समेत बढ्दो क्रममा छ । गाउँपालिकाले हालै तयार गरेको वस्तुगत विवरण अनुशार यस गाउँपालिकामा जम्मा ५८१५ वटा घरधुरी र ३०४९० जनसंख्या रहेको छ । सम्पत्तिकरका सन्दर्भमा उक्त घरधुरी ( सम्पत्तिधनी) नै दायरा भएको र प्रति सम्पत्ति धनि संग उनीहरुको सम्पत्ति (घर र उक्त घरले चर्चेको जग्गा) मुल्यांकन गरि औसत रु. २५० का दरले संकलन गर्दा जम्मा रु. ११ लाख ६३ हजार सम्पत्ति कर संकलन हुने सम्भावना देखिन्छ ।

**सुधारका विषयहरु**

सम्पत्ति कर प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ :

- सम्पत्ति कर कार्यान्वयनका लागि बैग्ले कार्यविधि तयार गर्ने ।
- घर तथा घरले चर्चेको जग्गाको मुल्यांकन लाई यथार्थपरक बनाउने, यसका कारण जनतालाई करको भार उच्च देखिएमा करको दर परिमार्जन गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा फाईलिङ्ग गरेर राख्ने ।
- सम्पत्ति कर लाई मालपोत संग आवद्ध गरि एकिकृत रुपमा संकलन गर्ने व्यवस्था मिलाउने ।

**ख. मालपोत (भुमी कर)**

**हालको अवस्था**

गाउँपालिका गठन भएदेखि नै गाउँपालिकाले कानून अनुसार मालपोत संकलन गर्दै आएको छ । गत आ.व. २०७४/७५ मा रु. ८ लाख संकलन भएको र चालु आ.व २०७५/७६ मा रु. २० लाख संकलन हुने अनुमान गरेको छ । चालु आ.व.का लागि गाउँपालिकाले बाटो तथा सडक पहुँचका आधारमा मालपोतको दर प्रति रोपनी न्यूनतम रु. १० देखि अधिकतम रु. ५० सम्म निर्धारण गरिएको छ । अघिल्ला आ.व. देखि नै मालपोत नबुझाएको अवस्थामा थप जरिवाना लाग्ने व्यवस्था समेत आर्थिक ऐनमा गरिएको छ । चालु आ.व.का लागि सम्पत्ति कर संकलन गर्ने र सम्पत्ति करमा गणना नएका जग्गामा मालपोत संकलन गर्ने गरि आर्थिक ऐनमा व्यवस्था गरिएको भएता पनि हालसम्म गाउँपालिकाले सबै जग्गाहरुमा मालपोत नै संकलन गर्दै आईरहेको छ ।

**संभाव्यता**

गाउँपालिकामा विगतमा मालपोत संकलन भएका अवस्था तथा कार्यशाला का दौरान छलफलमा प्राप्त विवरण अनुसार यस गाउँपालिकामा करिब ६६०० जग्गाधनी भएका र प्रति जग्गाधनि औसत रु. २०० का दरले मालपोत संकलन गर्दा आगामी आ.व.मा जम्मा रु. १३ लाख २० हजार मालपोत संकलन हुने संभावना देखिन्छ ।

**सुधारका पक्षहरु**

मालपोत वा भूमिकर जग्गाको उपयोग, मुल्य र गाउँबासीको जीवनस्तरमा आधारित हुने हुँदा करको दर र करको प्रशासन खास गरी वडा कार्यालयको राजस्व असुलीमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई प्रभावकारी कार्यान्वयनका लागि देहायअनुसार विषयमा सुधार गर्नु पर्ने देखिन्छः

- मालपोतको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने
- वडा कार्यालयबाट जग्गाको स्वामित्वकर्ता र जग्गाको विवरण अद्यावधिक गर्ने
- जग्गाको अभिलेख तथा मालपोत संकलन कम्प्युटर सफ्टवयर प्रयोग गर्ने
- मालपोत संकलनलाई सम्पत्ती करसँग आवद्ध गरी एकै पटक संकलनको व्यवस्था गर्ने ।

**ग. घरजग्गा वहाल कर**

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर तथा जग्गा पुरै वा आशिंक तवरले बहालमा दिएमा बहाल रकमको १२ प्रतिशत असुल गर्ने गरि दर निर्धारण गरेको छ । चालु आ.व.का लागि रुं. १ लाख संकलन हुने अनुमान गरिएको भएता पनि हाल सम्म यस शिर्षकमा कुनै रकम संकलन भएको छैन । गाउँपालिका स्वयं बहालमा बसेको भएता पनि उक्त बहाल रकममा कर संकलन गरेको देखिदैन ।

**संभावनाः** यस गाउँपालिका क्षेत्रमा निकै न्यून संख्यामा संघ संस्था तथा व्यावसायिक प्रयोजनका व्यक्तिहरु बहालमा बसेको देखिन्छ । छलफलका क्रममा प्राप्त विवरणका आधारमा करिब ४५ वटा संघ संस्थाहरु ( गाउँपालिका, बैंक, सहकारी तथा केही ठुला व्यवसाय) बहाल मा रहेका र औसत मासिक रु. ७ हजार बहाल रकम रहेको अनुमान गरिएको छ । जसअनुरुप बार्षिक ३७ लाख ८० हजार बहाल रकम कारोबार हुने देखिन्छ । त्यसै गरि करिब ३० जना व्यक्तिहरु काम तथा घरयासी प्रयोजनका लागि बहालमा बस्ने गरेको र औसत रु २ हजारका दरले बहाल रकम तिर्ने गरेको देखिन्छ जसअनुरुप बार्षिक ७ लाख २० हजार बहाल रकम कारोबार हुने देखिन्छ । यसरी गाउँपालिकामा वार्षिक जम्मा रु. ४५ लाख बहाल रकम कारोबार हुने र गाउँपालिकाले १० प्रतिशत बहाल कर निर्धार गरेमा जम्मा रु. ४ लाख ५० हजार संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने ।
- वहालकरको दर पुनरावलोकन गर्ने र आर्थिक ऐनमा समावेश गर्ने ।
- घरजग्गा वहाल कर संकलनका लागि सरल तथा सहज कार्यविधि तर्जुमा गर्ने ।

**घ. व्यवसाय कर**

**विद्यमान अवस्था**

चालु आर्थिक वर्षको आर्थिक ऐनमा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका व्यापार व्यवसायको वर्गीकरण गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु. २०० देखि अधिकतम रु २०,००० सम्म रहेको छ । चालु आव का लागि ६ लाख २५ हजार व्यवासय कर संकलन गर्ने अनुमान गरेको भएता पनि यस गाउँपालिकाले हालसम्म यो कर संकलन गरेको छैन । तर यसै आवमा गाउँपालिकाले व्यवसाय दर्ता तथा कर संकलनका लागि घुम्ती शिविर संचालन गर्ने कार्यक्रम तय गरेको छ ।

**संभावना**

यस गाउँपालिका क्षेत्रभित्र रहेका व्यावसायहरुका प्रकार अनुसारको तथ्याङ्क तत्काल उपलब्ध छैन । हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिकामा ३५२ वटा व्यवसाय रहेका र ११७५ जना व्यवसायमा संलग्न रहेको देखिन्छ । औषत रु. ७०० का दरले उपरोक्त संख्यामा करदातासँगै व्यवसाय कर असुली गर्दा रु. २,४६,४००.०० संकलन हुने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू**

व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि देहायका कार्यहरू गर्न आवश्यक देखिन्छ:

- गाउँपालिका भित्र संचालित व्यापार व्यवसायको विवरण संकलन गरी व्यवसाय करदाता अभिलेख तयार तयार गर्ने ।
- व्यापार व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी व्यवसायी प्रतिनिधिसँगको परामर्शमा करको दरमा परिमार्जन गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय संचालन गर्न सहयोग गरी व्यापार व्यवसायलाई गाउँपालिकामा दर्ता गरी इजाजताको व्यवस्था गर्ने ।

### *३.३.२ गैरकर राजस्व*

**क. ढुङ्गा, गिट्टी तथा वालुवा आदी प्राकृतिक वस्तुको बिक्री**

**हालको अवस्था**

यस गाउँपालिकाको लिखु खोलावाट ढुङ्गा, गिट्टी तथा वालुवा उत्पादन भई उपयोग हुने गरेको छ । गाउँपालिकाले यस खोला र आसपासको क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिबाट स्वीकृति गराई सकेको छ । हाल यस क्षेत्रमा निर्माणाधिन राष्ट्रिय गौरबको आयोजना मध्यपहाडी लोममार्ग अन्तर्गत्को छहरे खण्डको निर्माणका लागि आवश्यक नदिजन्य पदार्थ यसै खोलाबाट संकलन गर्नका लागि अनुमती दिईएको छ । गाउँपालिकाले नदीजन्य प्राकृतिक पदार्थहरुको बिक्री दर निधारण नगरेता पनि प्रदेशको आर्थिक ऐनको दरको आधारमा दहत्तर, बहत्तर तथा निकासी शुल्क भनि दर निर्धारण गरेको छ । उक्त व्यवस्था अनुशार देहायअनुशारको दर निर्धारण गरि संकलन गरिरहेको छ :

| सि. नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर निकासी शुल्क) |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल, र रोडा आन्तरिक विक्री एवं घाटगद्दी(स्वीकृतखानी क्षेत्र बाहेक) | प्रति क्यूब फिट | रु २ | रु ४ |
| २ | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल, र रोडा जिल्ला बाहिर निकासी कर | प्रति क्यूब फिट | रु ३ | रु ६ |
| ३ | माटोआन्तरिक विक्रि एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूब फिट | पचास पैसा | रु २ |
| ४ | माटोजिल्ला बाहिर निकासी कर | प्रति क्यूब फिट | रु १ | रु ४ |
| खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी करमात्र लगाईनेछ। | | | | |
| जिल्लामा उत्पादन भई निकासी हुने सिमेन्टको हकमाबिक्री मूल्यको ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत कर लगाईनेछ। | | | | |

नदीजन्य पदार्थको बिक्री बाट चालु आ.व.मा जम्मा रु. १ करोड संकलन गर्ने अनुमान गरेको भएता पनि माथी उल्लेखित व्यवस्था अनुशार चालु आवको माघ सम्म गाउँपालिकाले जम्मा ११,०९,४८६ रुपैया संकलन गरेको छ। गाउँपालिकाले चालु आ.व.को बाँकी अवधि (फागुन देखी असार मसान्तसम्म) का लागि भर्खरै मात्र करिब ३० लाखमा ठेक्का निर्धारर्ण गरेको छ।

**संभावना**

लिखु खोला तथा आसपासको क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा हेर्दा उक्त खोलाका जम्मा ६ वटा नाका /स्थानहरु (छहरे क, सत्तरी वगर क, सत्तरी बगर ख, बुधिसेरा क, तल्लो बुधिसेरा क र सुनखानी क) बाट वार्षिक ढुङ्गा, गिट्टी तथा वालुवा करिब ६,०५० घन मिटर (अर्थात् जम्मा २,१३,६५४ घन फिट) परिमाण उत्खनन् गर्न सकिने देखिएको छ। गाउँपालिकाले विक्री दर प्रति घनफिट रु. ६ का दरले विक्रि गर्दा जम्मा रु. १४,९५,५७७ा०० संकलन हुने देखिन्छ। तथ्यांकका आधारमा करिब १५ लाख संकलन हुनु पर्नेमा ५ महिनाका लागि करिब ३० लाखमा ठेक्का निर्धारण भएकाले आगामी आ.व.मा करिब ७० लाख संकलन हुने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू**

ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन तथा विक्रीको प्रभावकारी व्यवस्थापन र राजस्व संकलनमा सुधार गर्न देहायअनुसार पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ:

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन्को सुनिश्चित गर्ने
- खानीजन्य वस्तुको विक्री दर आर्थिक ऐनमा उल्लेख गर्ने
- ठेक्का मार्फत संकलन गर्ने भएमा ठेक्काको सूचना जारी गरी ठेक्कामा दिने
- घाटगद्धी गरेर मात्र ढुङ्गा, गिट्टी तथा वालुवा विक्री र निकासी गर्ने व्यवस्था मिलाउने र सो को अनुगमन गर्ने
- आर्थिक ऐनको नियम विपरित विक्रि र निकासी गरेको अवस्थामा बढी दण्ड जरिवानाको व्यवस्था गर्ने
- ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को निष्कर्ष बारे स्थानीय समुदायलाई जानकारी गराउने।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्था:** गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ। यस गाउँपालिकाले बहाल विटौरी शुल्क आर्थिक ऐनवाट देहाय बमोजिम निर्धारण गरेको छ :

१. सार्वजनिक/स्थलमा निर्मित घर, संरचनाको उपयोग तथा जग्गा उपयोग प्रति स्क्वायर फूट रु.५ प्रति महिना
२. गाउँपालिकाको सभाहल उपयोग शुल्क : प्रतिदिन रु.१०००/ र हल सरसफाई शुल्क रु.३००/, प्रोजेक्टर भाडा दैनिक रु.५००/
३. फुटपाथ, हाट बजारको लागि प्रति पसल,स्टल,टहरो दैनिक रु २५/-
४. अन्य शुल्क कार्यविधी बनाई असुल गरिनेछ।

गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरूमा कैयौ संरचनाहरु बनाई नीजि रुपमा प्रयोग भईरहेका छन्। गाउँपालिकाले यस्ता क्षेत्रहरुलाई कानुनको दायरामा ल्याई बहाल विटौरी शूल्क संकलनको प्रयास शुरु गरेको छ। हाल सम्म गाउँपालिकामा जम्मा ११ जना बहाल बिटौरीका लागि सम्झौता गरेकोमा जम्मा ५ जना जति मात्र नियमित रुपमा शुल्क बुझाउन आएको देखिन्छ। चालु आवका लागि यस शिर्षक बापत जम्मा रु. १५ लाख अनुमान गरिएको मा हाल माघ मसान्त सम्म जम्मा रु. १२८२५६ संकलन भएको छ।

**संभावना:** बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा गाउँपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शिर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ। आगमी आ.व.मा सम्झौता भएका ११ जनानै शुल्क को दायरामा आउने र औसत प्रति व्यक्ति रु. ४० हजारका दरले ४ लाख ४० हजार तथा अन्य सम्झौता नएका बाट करिब ३ लाख गरि जम्मा ७ लाख ४० हजार संकलन हुन सक्ने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरू:** गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- वहाल विटौरी शुल्कको दायराभित्र हाटवजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने।

**ग) नक्सा पास दस्तुर**

**हालको अवस्था:** यस गाउँपालिकाले नक्सापास दस्तुर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गरेको तर चालु आवका लागि कुनै रकम अनुमान गरिएको छैन। हाल गाउँपालिकाले नक्सा पास प्रकृया अगाडी बढाई दस्तुर संकलन गरिरहेका छ।

**सम्भावना:** यस गाउँपालिकाको मध्यपहाडीमार्ग क्षेत्रमा भवन निर्माणमा तिव्रता देखिन्छ। हाल यस क्षेत्रमा घर बन्ने र व्यावपारिक क्षेत्र बढ्दो क्रममा देखिन्छ। यथार्थ तथ्यांक नभएता पनि कार्यशालाका दौरान भएको छलफलबाट प्राप्त विवरण अनुशार यस गाउँपालिकामा आगमी आ.व.मा करिब १७० वटा नयाँ घरहरु निर्माण हुने र प्रति नक्सापास औसत ३००० का दरले जम्मा रुं ५,१०,००० आम्दानी हुने सम्भावना देखिन्छ। त्यसैगरि गाउँपालिकाले पुराना घरहरुको दर्ता गरि नक्सापास प्रकृयामा ल्याई गर्ने कामलाई पनि अगाढी बढाउने हुदा

आगामी आ.ब.मा करिब ५०० पुराना घर समेत दर्ता भई नक्सापासको दायरामा आउने र प्रति घर औसत ७५० का दरले जम्मा रु. ३ लाख ७५ हजार संकलन हुने सम्भावना देखिन्छ । यसरी जम्मा रु. ८ लाख ८५ हजार संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरू:** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- गाउँपालिकाले नक्सापास दर निर्धारण गर्दा नक्सापास लागु गर्नु पूर्व वनेका घरहरूको लागि बेग्लै दस्तुर को दर आर्थिक ऐनमा समावेश गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधि अनुरुप संरचना निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

### घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था:** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् ।

गाउँपालिकाले हालै मात्र रेडियो र घ वर्गका निर्माण इजाजत पत्रको लागि कार्यविधि तयार गरि लागु गरेको छ भने अन्यको हकमा भने दस्तुर संकलन कार्यविधि तयार गरि दस्तुर संकलन गर्ने प्रकृयामा रहेको छ ।

**सम्भावना :** हालसम्म गाउँपालिकामा ४० वटा घ वर्गका निर्माण व्यवसायीहरु दर्ता भई ईजाजत लिएका छन् । घ वर्गका निर्माण व्यवसायी सहित अन्य उल्लेखित किसिमका संघ संस्थाहरु सहित यस गाउँपालिकामा जम्मा ७५ वटा त्यस्ता फर्महरु रहेको अनुमान गरिएको छ । त्यस्ता फर्महरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. ५००० लिइएको खण्डमा जम्मा रु. ३ लाख ७५ हजार संकलन हुने अनुमान गरिएको छ ।
**सुधारका पक्षहरू:**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

### ङ) सिफारिश तथा प्रमाणित दस्तुर :

**हालको अवस्था:** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु १० देखि १५,००० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षको रु. १३ लाख ४० हजार असुली भएको र चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. २० लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । गाउँपालिकाले गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर संकलन गरिआएको छ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको आथिएक प्रशासन शाखामा हरेक महिना दाखिला गर्ने गरेका छन् ।

**सम्भावना:** गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट वार्षिक करिव ९,५०० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २०० भएमा वार्षिक सिफारिश तथा प्रमाणित वाट रु १९ लाख आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. १२,५०,०००, व्यक्तिगत घटना दस्तुर रु. १,५०,०००, नाता प्रमाणित दस्तुर रु. १,००,००० र अन्य दस्तुर (मुल्यांकन समेत) रु. ४,००,००० अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गिकरण गरि दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।

**च) अन्य सेवा शुल्क पर्यटन शुल्क**

**हालको अवस्था:** यस गाउँपालिका काठमाडौंका घना शहरी बस्ती बाट नजिकको दुरीमा रहेको र प्राकृतिक सम्पदाले भरिपुर्ण भएको हुदा घना शहरी क्षेत्रका नगरवासीहरुलाई मनोरन्जन गर्न सक्ने पर्यटकिय गनत्व्य यस गाउँपालिकाले प्रदान गर्न सक्दछ । हाल सम्म यस गाउँपालिकामा पर्यटन शुल्क संकलन गर्न सकिने खालको पुर्वाधार तयार नभई सकेको हुनाले पर्यटन शुल्क सम्बन्धी दर निर्धार तथा संकलन भएको छैन ।

**सम्भावना :** तत्कालै पर्यटन शुल्क संकलनको सम्भावना नभएता पनि आगामी आ.व.मा गाउँपालिकाको सूर्यचौर चिसापानी क्षेत्रमा पिकनिक स्पट तयार गरि प्रवेश शुल्क संकलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस क्षेत्रमा वार्षिक करिब २०० वटा समुहहरु पिकनिक का लागि आउने र प्रति समुह रु १००० का दरले संकलन गरेमा जम्मा रु. २ लाख संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरि पुर्वाधार विकास गर्ने ।
- आर्थिक ऐनमा पर्यटन शुल्कको संकलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरि गाउँपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने ।

# परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार ६ सदस्यि राजस्व परामर्श समिति गठन गरेको छ ।

**तालिका २: राजस्व परामर्श समिति**

| क.सं. | समितिका व्यक्तिहरु (पद) | समिति (जिम्वेवारी) |
|---|---|---|
| १ | उपाध्यक्ष | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | वडा अध्यक्ष (वडा नं. ) | सदस्य |
| ४ | महिला सदस्य | सदस्य |
| ५ | उद्योग वाणिज्य संघ, प्रतिनिधि | सदस्य |
| ६ | लेखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरेको थियो ।

पुनर्संरचित गाउँपालिको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । आयका शिर्षगत् दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत् आर्थिक ऐन पारित गरिएको छ । यसका अतिरिक्त गाउँपालिकाले राजस्व परिचालन सम्वन्धि कुनै नीति तर्जुमा गरेको पाईदैन । गाउँ सभाद्वारा चालु आ.व.२०७५।७६ को लागि आन्तरिक आय तर्फ शिर्षगत् वर्गीकरण सहित जम्मा रु. २ करोड ३ लाख ७५ हजार संकलन हुने अनुमान गरेका छ ।

### *गाउँ सभाले आ.व.२०७५।७६ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :*

- प्रचलित कानुन वमोजिम जिल्ला समन्वय समिति र गाँउपालिका बीचमा राजस्व बाँडफाँड सम्बन्धी कामलाई प्रचलित ऐन तथा प्रचलित नीति, मार्गदर्शन र कार्यविधि बमोजिम व्यवस्थित बनाई राजस्व अभिवृद्धि गरिनेछ । करका दरलाई फराकिलो पारी न्यून दरमा कर, शुल्क, दस्तुर कायम गरी सरल सहज तरिकाबाट भुक्तानी गर्न मिल्ने पद्धति अवलम्वन गरिनेछ ।
- यस गाँउ क्षेत्रभित्र बसोवास गर्ने गाँउबासीहरुको क्षमता, अन्य गाँउपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिने छ ।
- कर उठाउन करदाताहरुको तथ्याङ्क संकलन गरिनेछ । आन्तरिक आयमा बढोत्तरी गर्न कर संकलन टोली गठन गरि क्रियाशिल गराईनेछ । गाँउपालिकाको राजस्व वृद्धिका लागि उद्योग, कलकारखाना, खोल्न सहजीकरण गर्ने, सवै प्रकारका उद्योग, व्यवसायलाई करको दायरामा समेटीनेछ ।

- गाँउपालिकामा स्थापित बैंक शाखा मार्फत आर्थिक कारोबारलाई प्रभावकारी एवं पारदर्शी बनाईनेछ । आयस्तर र बचतमा वृद्धिको लागि सबै परिवारमा एक घर एक बैंक खाता खोल्ने नीति लिईनेछ । गाँउपालिका भित्रका सबै घरधुरी दर्ता, पेशा, व्यवसाय दर्ता गरिनेछ । गाँउपालिकालाई बुझाउनु पर्ने विभिन्न शुल्क दस्तुर यसै वर्ष बुझाएमा केही अंश छुट सुविधा दिने नीति लिईनेछ ।
- यस गाँउपालिकाको वार्षिक वजेट तथा कार्यक्रममा समावेश संघ, प्रदेश लगाएतबाट प्राप्त स्रोतमा थपघट भएमा वा योजनाहरु परिमार्जन भएमा सोही बमोजिम कार्यान्वयन गरिनेछ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको गत आ.व. २०७४/७५ मा कुल बजेटमध्ये ०.६६ प्रतिशत मात्र आन्तरिक आयबाट प्राप्त भएको देखिन्छ । गाउँपालिकाले गत आ.व.मा राजस्व बाँडफाँड वापत नेपाल सरकाबाट रकम प्राप्त गरको दखिदैन भने चालु आ.व. देखि संघीय सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँड वापत राजस्व प्राप्त गरेको छ । गाउँपालिकाको आन्तरिक आयको अवस्था विश्लेषण आयका शिर्षक अनुसारको आय अनुमान, प्राप्त आयको शिर्षकगत अभिलेख सम्म अद्यावधिक गर्न नसकेको देखिन्छ । गाउँपालिकाको आ.व. २०७४/७५ को यथार्थ तथा चालु आ.व.को अनुमानीत आय विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ३: गाउपालिकाको यथार्थ तथा अनुमानित राजस्वको अवस्था**

*रु. ००० मा*

| आय शिर्षक | यथार्थ आय | अनुमान |
|---|---|---|
| | २०७४/७५ | २०७५/७६ |
| मालपोत तथा भूमिकर | ८०० | २,००० |
| सम्पत्ती कर | | १,५०० |
| वहाल कर | | १०० |
| बहाल विटौरी कर | ६० | १,५०० |
| व्यवसाय कर | | ६२५ |
| सवारी साधन कर | | ५० |
| मनोरन्जन कर | | १०० |
| विज्ञापन कर | | २०० |
| **स्थानीय कर** | **८६०** | **६,०७५** |
| स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा शुल्क | | २,००० |
| पर्यटन शुल्क | | १०० |
| **सेवा शुल्क** | | **२,१००** |
| सिफारिस तथा बक्सौनी दस्तुर | १,३४० | २,००० |
| **दस्तुर** | **१,३४०** | **२,०००** |
| दण्ड जरिवाना | | १०० |
| नदी जन्य पदार्थ बिक्री तथा निकासी | | १०,००० |
| अन्य विविध आय | ७४ | १०० |
| **अन्य आय** | **७४** | **१०,२००** |
| **आन्तरिक आय जम्मा** | **२,२७४** | **२०,३७५** |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | | ५३६ |
| संघीय सरकार मार्फत् | | ५५,४२४ |
| प्रदेश सरकार बाट सवारी साधन कर | | १४,८०७ |
| जिससबाट प्राकृतिक स्रोत साधनको बिक्री रकम | | १६,०५४ |

| आय शिर्षक | यथार्थ आय | अनुमान |
|---|---|---|
| | २०७४/७५ | २०७५/७६ |
| **राजश्व बाँडफाँड जम्मा** | | **८६,८२१** |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ३३९,४९८ | |
| वित्तिय समानीकरण | | ७५,७०० |
| सशर्त | | १४१,२०० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | |
| वित्तिय समानीकरण | | ७,७१२ |
| सशर्त | | २१,२७३ |
| **बाह्य श्रोत जम्मा** | **३३९,४९८** | **२४५,८८५** |
| नगद सहभागिता | २,००० | ४,००० |
| **जनसहभागिता** | **२,०००** | **४,०००** |
| **कुल जम्मा आय** | **३४३,७७२** | **३५७,०८१** |

गाउँपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन स्रोतहरूमा क्रमशः मालपोत तथा सिफारिश दस्तुर रहेको छ । चालु आ.व.को माघ १५ गते सम्मको प्राप्त तथ्यांक अनुशार आन्तरिक आय बापत जम्मा १५ लाख ५७ हजार मात्र संकलन भएको छ । गाउँपालिका विस्तृत शिर्षगत् तथ्यांक प्राप्त हुन नसकेता पनि मुख्य निम्न शिर्षकहरुमा आय संकलन भएको देखिन्छ :

**तालिका ४: चालू आवको माघ १५ गते सम्म संकलित आन्तरिक आयको विवरण**

*रु. ००० मा*

| क.सं. | आय शिर्षक | संकलित रकम |
|---|---|---|
| १ | बहाल विटौरी | १२८ |
| २ | मालपोत तथा सिफारीस (वडा कार्यालयहरुबाट संकलित) | ३२० |
| ३ | प्राकृतिक स्रोत (बालुवा) बिक्री | १,१०९ |
| | **जम्मा** | **१,५५७** |

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

गाउँपालिकामा राजश्व सम्बन्धी कार्यका लागि कुनै शाखा, उपशाखा वा ईकाई गठन भएको छैन । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व संकलनको अवस्था देहायअनुशार रहेको छ :

- राजश्व परामर्श समिति गठन भएको ।
- राजस्व कार्यका लागि जिन्सी शाखा समेत हेर्ने गरि एक जना ना.सु. तथा एकजना खरिदार लाई जिम्मेवारी प्रदान ।
- राजश्व शाखा नभएको तथा कर्मचारी, कार्यकक्ष र कार्यस्थलको अभाव रहेको ।
- मालपोत तथा सिफारिस दस्तुरहरु वडा कार्यालय बाट र अन्य राजश्वहरु गाउँपालिकाको कार्यालयबाट संकलन ।
- वडा कार्यालयले संकलित रकम मासिक रुपमा बैक दाखिला गर्ने नियम भएता पनि नियमित हुन नसकेको ।

- हाते रसिदको प्रयोग र वडाहरुमा समेत इन्टरनेटका साथै सफ्टवेयर जडान गरि कम्प्युटर बिलिङ्ग प्रणाली शुरुवात गर्ने तयारी ।
- स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शिर्षकहरू चयनमा अस्पष्टता ।
- राजस्व सम्बन्धी तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

भौगोलिक विकटता, पूर्वाधार तथा सुविधाको न्यून उपलब्धता, आर्थिक गतिविधि तथा संस्थागत क्षमताको कमीका कारण यस गाउँपालिकाको कार्य जिम्मेवारीको तुलनामा राजस्व अधिकारको क्षेत्र सिमित रहेको छ । आवश्यक कानूनी व्यवस्था, संस्थागत संयन्त्र, सूचना प्रणाली तथा सरोकारवालाहरु (जनप्रतिनिधि, कर्मचारी, करदाता आदी)मा स्थानीय सरकारको राजश्वका विविध पक्षहरुका सम्बन्धमा प्रयाप्त अभिमुखिकरण र तालिम अभावका कारण संभाव्य राजस्व अधिकारको पनि उपयोग हुन सकिरहेको छैन । तसर्थ संघीय शासन व्यवस्था अनुसार आन्तरिक आय परिचालनका लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न आवश्यक देखिन्छ । गाउँपालिकाको आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न देहायअनुसार कार्य गर्न आवश्यक रहेको छ ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमतामा सुधार गरी राजस्वको श्रोत तथा आधारहरु बृद्धी गर्न गाउँपालिकामा राजस्व प्रशासन संगठन विस्तार, प्रणालीमा सुधार तथा क्षमता अभिबृद्धि कार्यलाई पहिला कार्यको रुपमा संचालन गर्न आवश्यक रहेको छ । स्थानीय तहको विस्तारित परिवर्तित राजस्व अधिकारको अधिकतम उपयोग गर्न संगठन विकाससँगै भौतिक सुविधा, दक्ष मानव संशाधनको व्यवस्था, सीप तथा दक्षता अभिबृद्धि तालिम तथा अभिमुखीकरण, आवश्यक कानून तथा कार्यविधि तर्जुमा, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता टड्कारो देखिएको छ । यसका साथै तोकिएका वडा कार्यालयहरुमा राजस्व संकलन क्षमता विकास गर्न संगठन, भौतिक सुविधा र प्रविधि विस्तार गर्नु आवश्यता रहेको छ ।

### ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले संविधान, संघीय तथा प्रदेश कानूनको आधारमा आर्थिक ऐनसँग राजस्व परिचालन सम्वन्धी नीति, कानून तथा प्रमुख शिर्षकहरुको आय संकलन कार्यविधि तयार गरी, जनप्रतिनिधि, कर्मचारी वडा समितिलाई समेत उपलब्ध गराउनु आवश्यक छ । कार्यविधिमा स्थानीय राजस्वका प्रमुख स्रोत तथा आधार, संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अभिलेख व्यवस्थापन तथा अनुगमन जस्ता विषयवस्तु समावेश हुनु पर्नेछ ।

### ग. राजस्व अधिकार, संभाव्यता अध्ययन, दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले संवैधानिक तथा कानूनी व्यवस्था अनुसार स्थानीय तहको राजस्व अधिकार, स्थानीय राजस्वका प्रमुख स्रोत तथा परिचालनको संभाव्यता लगायत स्थानीय परिवेश र करदातासँग राय परामर्श गरी उपयुक्त राजस्वको दर निर्धारण गरी सो को प्रचार प्रसार गर्न आवश्यक रहेको छ । साथै आर्थिक ऐनको व्यवस्था बमोजिम गाउँपालिकाले लगाएको कर, शुल्क, दस्तुर र विक्री स्रोत, आधार, दर तथा संकलन विधि र प्रक्रिया, कर छुट तथा दण्डजरिवाना सम्बन्धी व्यवस्था बारे कर शिक्षा कार्यक्रम, संचार माध्यम तथा सामाजिक संजाल मार्फत प्रचार प्रसार तथा जानकार गर्नुपर्ने हुन्छ ।

**घ. तथ्याङ्कमा आधारित अभिलेख**

राजस्वको स्रोतहरुको अधिकतम तथा प्रभावकारी परिचालनका लागि स्थानीय राजस्वका स्रोत तथा आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । स्थानीय सरकारलाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तीगत सम्पत्ति (जग्गा र घर), व्यापार व्यवसाय, पूर्वाधार, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेखको आधारमा राजस्व सम्बन्धी नीति तर्जुमा, प्रक्षेपण, असुली, अभिलेख व्यवस्थापन र अनुगमन प्रभावकारी बनाउन सकिन्छ ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन नीति तर्जुमा, स्रोत संभाव्यता अध्ययन, कर, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा गाउँपालिकामा उपयुक्त संयन्त्रको व्यवस्था गर्नु आवश्यक छ । यसबाट आन्तरिक रुपमा तथा वाह्य निकायहरूसँग छलफल, परामर्श र समन्वय अभिबृद्धी गर्न सकिन्छ । राजस्वका स्रोतहरुको पहिचान, संभाव्यता अध्ययन, आधार निर्धारण तथा दरमा परिमार्जनका लागि राजस्व परामर्श समितिलाई क्रियाशिल तथा प्रभावकारी बनाउन आवश्यक छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर अन्तरक्रिया र समन्वय हुन जरुरी देखिन्छ । साथै राजस्व बाँडफाँड सम्वन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी स्थानीय सरकारसँग वैडक, छलफल र समन्वयको पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

स्थानीय राजस्व सम्बन्धी नीति तर्जुमा, राजस्व संकलन, अभिलेख कार्यको अनुगमन गरी राजस्व चुहावटको संभावनालाई नियन्त्रण तथा निममन गर्न आवश्यक व्यवस्था गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रुपमा तयार गर्नु, प्रकाशमा ल्याउनु, सम्बन्धित निकायमा पेश गर्नु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यसका लागि केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

**ङ. प्राप्त राजस्व अधिकारको उपयोग**

स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको सिमितता र प्राप्त अधिकारको संकुचनको बाबजुद स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको पूर्ण उपयोग हुन सकिरहेको छैन । गाउँपालिकाको आन्तरिक आय सम्बन्धी तथ्याङ्कले स्थानीय तह विशेष गरी गाउँपालिकाको राजस्व परिचालनको अवस्था सन्तोषजनक नभएको पुष्टि हुन्छ । गाउँपालिकाका पदाधिकारीलाई तथा कर्मचारीलाई राजस्व अधिकार सम्बन्धी संबैधानिक तथा कानूनी व्यवस्था बारे जानकारी गराउने, आन्तरिक स्रोत परिचालन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, स्थानीय राजस्व परिचालन सम्बन्धी नीति, कानून तथा कार्यविधि तर्जुमा गर्ने, राजस्व परामर्श समितिलाई सक्रिय बनाउने तथा स्रोत, आधार र संकलन तरिकाको बारेमा छलफल गर्ने, करदाता, व्यवसायी, नागरिक समाजसँग लगायत सरोकारसँग अन्तरक्रिया तथा परामर्श यसका लागि उपयुक्त कदम हुन सक्दछन् ।

**च. उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा लगानीको आवश्यकता**

स्थानीय तहको योजना तर्जुमा भनेको खर्चको योजना बनाउनु हो भन्ने आम बुझाई छ र स्थानीय तहमा हुने वैठक, छलफल तगा वशहरु पनि कसरी आम्दानी गर्ने भन्दा पनि कहाँ र कसरी खर्च गर्ने भन्ने केन्द्रित हुने गरेको छ । आय बृद्धिका मानव संशाधन, साधन स्रोत र सूचना र प्रविधिको उपयोग न्यून रहेको छ । तसर्थ गाउँपालिकाले योजना तर्जुमा गर्दा उत्पादनमूलक तथा आयमूलक पूँजिगत लगानी विशेष प्राथमिकता दिनु पर्ने देखिन्छ । यसबाट स्थानीय स्तरमा सेवा तथा सुविधाको स्तरमा बृद्धि हुने र अन्ततः आन्तरिक आय परिचालन बृद्धि हुन्छ । यस्ता आयोजनाहरुमा, पर्यटन पूर्वाधार निर्माण, लघु तथा साना जलविद्युत आयोजना, व्यवसायिक भवन तथा पसल, बजार पूर्वाधार आदी हुन सक्दछन् ।

# परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा अध्ययनबाट प्राप्त सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको आन्तरिक स्रोत परिचालन तथा राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि गाउँपालिकामा अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशाला संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना, पूर्णीमा कार्यक्रमको सहयोग र परामर्शदातृ संस्था एसडिआईसीको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत कार्यपालिका सदस्यहरू, गाउँपालिका तथा वडाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

स्थानीय राजस्व सम्बन्धी अवधारणा, राजस्व अधिकार र कार्ययोजना तर्जुमाको उद्देश्य र तर्जुमा सम्बन्धी अमिभुखीकरण पश्चात तीन वटा विषय क्षेत्रगत रुपमा सहभागितामूलक छलफल गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार तथा प्रस्तुत गरिएको थियो । अध्ययनको लागि संकलित तथ्याङ्क तथा विवरण र विश्लेषणबाट प्राप्त सूचना एवं नतिजाहरूलाई समेत समावेश गरी देहायअनुसार गाउँपालिकाको राजस्व सुधार कार्ययोजना मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनामा तय गरिएका क्रियाकलापहरूलाई विषयगत रुपमा देहायबमोजिमका क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासनमा सुधार

**तालिका ५: राजस्व सुधार कार्ययोजना**

**क. कर राजस्व सुधार योजना**

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१.** | **मालपोत वा भूमिकर** | | |
| १.१ | बस्ती स्तरमा मालपोत संकलन घुम्ती शिविर संचालन गर्ने | २०७५ चैत्र देखी | राजश्व शाखा तथा वडा कार्यालयहरु |
| १.२ | मालपोतको दर समयानुकुल परिमार्जन गरि आर्थिक ऐनमा समावेश गर्ने | २०७६ असार मसान्त सम्म | राजस्व परामर्श समिति गाउँ सभा |
| १.३ | मालपोत संकलनलाई सम्पत्ती करसँग आवद्ध गरी एकै पटक संकलनको व्यवस्था गर्ने | आ.ब. २०७६/७७ श्रावण देखी | राजस्व शाखा |
| **२.** | **सम्पती कर** | | |
| २.१ | जनप्रतिनिधि, कर्मचारी र समुदाय स्तर सम्पत्ति कर सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | २०७६ वैशाख मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत र वडा समिति |
| २.२ | सम्पत्ति कर ब्यवस्थास्थापन कार्यविधि तयार तथा पारित गरी कार्यान्वयन गर्ने | २०७६ जेष्ठ मसान्त सम्म | गाउँ कार्यपालिका |
| २.३ | सम्पत्ती मूल्याङ्कन विधी र करको दर निर्धारण सहित आर्थिक ऐन परिमार्जन गर्ने | २०७६ अषाढ समान्त सम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| २.४ | सम्पत्तिकर संकलन गर्ने | २०७६ श्रावण १ देखी | राजश्व शाखा, वडा कार्यालय |
| **३.** | **घर जग्गा वहाल कर** | | |
| ३.१ | सम्पत्तिको अभिलेख संकलन गर्दा वहालमा भएका | २०७६ श्रावण देखि | प्रमख प्रशासकीय अधिकृत |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | घरजग्गाको लगत अद्यावधिक गर्ने | | र वडा कार्यालय |
| ३.३ | घरजग्गा वहाल करको दर पुनरावलोकन गरी संशोधन गर्ने र असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट गर्ने | २०७६ असारसम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| **४** | **व्यवसाय कर** | | |
| ४.१ | व्यवसाय दर्ता तथा नवीकरण प्रणाली र कर असुली प्रक्रियालाई व्यवस्थित गर्न व्यवसाय कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन ल्याउने | २०७५ चैत्र मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| ४.२ | व्यवसाय करको दरलाई वर्गीकरणको आधारमा पुनरावलोकन गरी आर्थिक ऐनमा संशोधन गर्ने | २०७६ असार सम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| ४.३ | घुम्ती शिविर संचालन गरि व्यवसाय दर्ता का साथै व्यावासाय सम्बन्धी अभिलेख संकलन गर्ने | २०७६ श्रावण देखी | राजस्व परामर्श समिति, आर्थिक प्रशासन शाखा, वडा कार्यालय |

## ग. गैरकर राजस्व सुधार योजना

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१.** | **प्राकृतिक वस्तु (ढुङ्गा, गिट्टी, रोडा, वालुवा, माटो आदि) विक्री** | | |
| १.१ | संकलन तथा विक्री प्रकृयाको अनुगमनका लागि समिति गठन गर्ने । | २०७५ चैत्र मसान्त भित्र | गाउँ कार्यपालिका |
| १.२ | नियमिति अनुगमन गर्ने | २०७५ बैशाख देखि नियमित रुपमा | अनुगमन समिति, राजशव परामर्श समिति, गाउँ कार्यपालिका |
| १.३ | वस्तुको बिकी दर निर्धारणगरी आर्थिक ऐनमा समावेश गर्ने । | २०७६ असार मसान्त भित्र | राजस्व परामर्श समिति, गाउँ सभा |
| १.४ | प्रारम्भिक वातावरणीय अध्ययनको आधारमा प्राकृतिक वस्तुको संकलन तथा विक्री गर्न वढावढको सूचना आह्वान गर्ने । | २०७६ श्रावण मसान्त भित्र | प्राविधिक शाखा, आर्थिक प्रशासन शाखा तथा राजस्व शाखा |
| १.५ | प्रदेशसंग दहत्तर वहत्तर शुल्क सम्वन्धी व्यवस्थावारे स्पष्ट गरी संकलन गर्ने । | २०७६ असार मसान्त भित्र | अध्यक्ष, प्र.प.अ र आर्थिक प्रशासन शाखा |
| **२.** | **वहाल विटौरी शुल्क** | | |
| २.१ | गाउँपालिका क्षेत्र भित्र सरकारी जग्गामा बनेका घर, संरचनाको विवरण संकलन तथा अद्यावधिक गर्ने | २०७६ बैशाख मसान्त भित्रमा | वडा समिति र प्रमुख प्रशासकीय अधिकृत |
| २.२ | असुली प्रक्रिया (दण्ड जरिवानाको व्यवस्था समेत उल्लेख गरि) सहित वहाल विटौरी शुल्कको दर परिमार्जन गरी आर्थिक ऐन परिमार्जन गर्ने | २०७६ असार भित्र | राजस्व परामर्श समिती, गाउँ सभा |
| ३. | **दर्ता तथा अनुमति दस्तुर** | | |
| ३.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने | २०७६ जेष्ठ मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका |
| ३.२ | दर्ता तथा नविकरण दस्तुर संकलन प्रक्रिया समेत दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने | २०७६ असार मसान्त | गाउँ कार्यपालिका, गाउँ सभा |
| ३.३ | अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने | नियमित | राजश्व शाखा, प्रशासन शाखा |
| ४. | **नक्सापास दस्तुर** | | |
| ४.१ | भवन निर्माण मापदण्ड तयार गरि तथा स्वीकृत गर्ने | २०७६ बैशाख | प्राविधिक शाखा, गाउँ |

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | मसान्त सम्म | कार्यपालिका |
| ४.२ | नक्सापास प्रावधान पूर्व वनेका घरहरूको अभिलेखिकरणको गर्नका लागि सोको दस्तुरको दर र भवनको प्रयोजन तथा बनौट अनुशार नक्सापास दस्तुरको दर परिमार्जन गरि आर्थिक ऐनमा समावेश गर्ने | २०७६ असार मसान्त | गाउँ कार्यपालिका, गाउँ सभा |
| ४.३ | नक्सापास प्रकृया शुरुवात गर्दे दस्तुर संकलन गर्ने | २०७६ श्रावण १ देखि | राजश्व शाखा |
| ४.४ | भवन निर्माण मापदण्ड तथा नियमावली अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | निरन्तर | प्राविधिक शाखा, गाउँ कार्यपालिका |
| **५.** | **सिफारिश तथा प्रमाणित दस्तुर** | | |
| ५.१ | गाउँपालिकाले प्रदान गर्ने सिफारिश तथा प्रमाणितका दस्तुरका दर परिमार्जन गरी आर्थिक ऐनमा समावेश गर्ने | २०७६ असार मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| ५.२ | सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने तथा दस्तुर बुझाए पछि सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव |
| ५.३ | वडावाट संकलित दस्तुरहरूको शिर्षक सहितको अभिलेख राखी विवरण तयार गर्ने | २०७६ बैशाख मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय |
| **६.** | **पर्यटकिय पुर्वाधार तथा सेवा शुल्क** | | |
| ६.१ | पर्यटकिय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरुको संभाव्यता (जीवलाईन, ट्रेकिङ्ग) अध्ययन गरि पूर्वाधारको विकास गर्ने | २०७६/७७ देखी | गाउँ कार्यपालिका |
| ६.२ | आर्थिक ऐनमा पर्यटन शुल्क संकलन सहित शुल्कको दर निर्धारण गर्ने | २०७६ असार मसान्तसम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| ६.३ | सूर्यचौर क्षेत्रमा पर्यटकका लागि थप पुर्वाधार विकास गरि प्रवेश शुल्क संकलन गर्ने | २०७६ श्रावण १ देखी | गाउँ कार्यपालिका, राजश्व शाखा |
| **७.** | **खानेपानी महसुल** | | |
| ७.१ | आर्थिक ऐनमा खानेपानी महशुल संकलन सम्बन्धी व्यवस्था गरी महशुलको दर निर्धारण गर्ने | २०७६ असार मसान्तसम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| ७.२ | खानेपानी तथा सरसफाई उपभोक्ता समिति र उपभोक्तासँग राय परामर्श गरी व्यवस्थित रुपमा आयोजना संचालन गर्ने | २०७५/७६ मसान्त सम्म | गाउँ कार्यपालिका, पूर्वाधार विकास शाखा |

## क. राजस्व प्रशासन सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१.** | **संगठन संरचना तथा व्यवस्थापन** | | |
| १.१ | संगठन संरचनामा तय हुने राजश्व शाखामा कर्मचारी व्यवस्थापन | २०७६ बैशाख मसान्त सम्म | गाउँ कार्यपालिका |
| १.२ | वडा कार्यालयमा राजस्व प्रशासनका लागि कर्मचारीलाई जिम्मेवारी दिने | | राजश्व परामर्श समिति |
| १.३ | राजश्व प्रशासनका लागि भौतिक साधनको व्यवस्थापन | | प्रमुख प्रशासकिय अधिकृति |
| १.४ | राजस्व संकलन अवस्थाको नियमित तथा आवधिक अनुगमन गर्ने र संकलित राजस्व र खर्चको विवरण विभिन्न माध्ययबाट सार्वजनिक गर्ने | चौमासिक रुपमा | राजस्व परामर्श समिति, राजश्व शाखा |

| क.स. | सुधारको लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **२.** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| २.१ | समयानुकुल आर्थिक ऐनको तर्जुमा | २०७६ असार मसान्त सम्म | राजश्व परामर्श समिति र गाउँ सभा |
| २.२ | राजश्व संकलन कार्यविधि निर्माण | | गाउँ कार्यपालिका |
| २.३ | राजश्व सुधार कार्ययोजनाले पहिचान गरेका कृयकाकलापहरु कार्यान्वयन गर्ने | नियमित रुपमा | गाउँ कार्यपालिका, राजस्व परामर्श समिति |
| २.४ | राजस्व परामर्श समितिको वैठक नियमित (चौमासिक) संचालन गर्ने र क्षमता विकास तालिम संचालन गर्ने | २०७५ चैत्र देखी | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| **३.** | **परिचालन तथा अनुगमन** | | |
| ३.१ | मुख्य करहरू एकैपटक असुल गर्ने गरी एकद्धार कर संकलन प्रणालीको शुरुवात गर्ने | आगामी आ.व. २०७६/७७ देखी | राजस्व शाखा, गाउँ कार्यपालिका |
| ३.२ | मालपोत, सम्पत्ती कर लगायत अन्य कर र गैर कर संकलनको लागि वडास्तरीय अभियान तथा करदाता शिक्षा संचालन गर्ने | चौमासिक रुपमा | राजस्व शाखा तथा प्रमुख प्रशासकिय अधिकृत |
| ३.३ | जनप्रतिनिधी र कर्मचारीहरूका लागि राजस्व सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण कायर्कम संचालन गर्ने | बार्षिक | गाउँ कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत |
| ३.४ | गाउँपालिकाको स्वामित्व तथा हक भोगमा रहेका जग्गा तथा भवनहरूको विवरण संकलन गरी प्रमाण सहित लगत तयार गर्ने तथा व्यवस्थित रुपमा अभिलेख राख्ने | २०७६ असार सम्म | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा |
| ३.५ | राजश्वका विविध पक्षहरुका नियमित रुपमा अनुगमन तथा मुल्यांकन | निरन्तर | राजश्व शाखा, राजश्व परामर्श समिति, वडा कार्यालय, कार्यपालिका |

# परिच्छेद – छ : आगामी ३ वर्षको आय प्रक्षेपण

मूलतः विगत तीन वर्षको आय तथा गाउँपालिकाको राजस्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा गाउँपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । यसले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

